नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

# नेपाल बैंक लिमिटेड
# NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

प्रधान कार्यालय,
मानवश्रोत व्यवस्थापन विभाग

## Online दरखास्त फारम भर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति: २०७८/११/२०)

श्री लोक सेवा आयोगको सहमति अनुसार यस बैंकको आ.व.२०७८/७९ को स्वीकृत दरबन्दीका आधारमा रिक्त रहेका निम्न पदहरुमा खुला प्रतियोगिताद्वारा स्थायी पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७८/११/२० देखि Online दरखास्त फारम भर्न आह्वान गरिएको छ। बैंकले तोकेको Online फाराममा भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरी सो को साथ नागरिकता प्रमाणपत्र र दरखास्त दिने पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट, चारित्रिक प्रमाणपत्र तथा नेपाल बाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र, समावेशी समूहका लागि तोकिएको प्रमाणपत्र, अनुभव चाहिने पदका लागि तोकिएको अनुभवको प्रमाणपत्र र हालसालै खिचेको पासपोर्ट साइजको फोटो र दस्तखत Scan/Attach गरी तोकिएको शुल्क तिरी मिति २०७८/१२/१० सम्म Online दरखास्त पेश गर्नुपर्नेछ। म्याद भित्र दाखिल नभएको र रीत नपुगी आएका दरखास्त उपर कुनै किसिमको कारबाही हुने छैन। झुट्टा विवरण उल्लेख गरी Online दरखास्त फाराम भरेमा सोको जवाफदेही उम्मेदवार स्वयं हुनुपर्नेछ।

| विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १७/२०७८/७९ | सहायक प्रबन्धक | ६ | खुला | ३१ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातकोत्तर उत्तीर्ण। |
| | | | महिला | ८ | |
| | | | आ.ज. | ७ | |
| | | | मधेशी | ६ | |
| | | | दलित | २ | |
| | | | अपाङ्ग | १ | |
| | | | पि.क्षे. | १ | |
| १८/२०७८/७९ | सहायक प्रबन्धक (CA) | ६ | खुला | १ | मान्यता प्राप्त संस्थाबाट सि.ए./ए.सि.सि.ए. उत्तीर्ण। |
| | | | आ.ज. | १ | |
| १९/२०७८/७९ | सहायक प्रबन्धक (IT) | ६ | खुला | ३ | मान्यता प्राप्त संस्थाबाट कम्प्युटर तथा सुचना प्रविधिमा बि.सि.ए./बि.सि.आई.एस./बि.आई.टि./बि.आई.एम/बि.एस्सी. सि.एस. आई.टि./बि.बि.आई.एस./इन्जिनियरीङ्ग इन कम्प्युटर/इलेक्ट्रोनिक्स एण्ड कम्युनिकेशनमा न्युनतम स्नातक दोश्रो श्रेणी उत्तीर्ण गरी सम्बन्धित क्षेत्रमा १ बर्षको अनुभव। |
| | | | दलित | १ | |

**प्रदेशगत विज्ञापन (सहायक पदको लागि):**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ अन्तर्गतका शाखा कार्यालयहरु | २०/२०७८/७९ | सहायक | ४ | खुला | १७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तीर्ण। |
| | | | | महिला | ५ | |
| | | | | आ.ज. | ४ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | १ | |
| | | | | पि.क्षे. | १ | |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| मधेश प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २१/२०७८/७९ | सहायक | ४ | खुला | १७ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापन वा अर्थशास्त्र (मानविकी) मा न्यूनतम स्नातक उत्तीर्ण । |
| | | | | महिला | ५ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | १ | |
| | | | | अपाङ्ग | १ | |
| | | | | पि.क्षे. | १ | |
| बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २२/२०७८/७९ | सहायक | ४ | खुला | २८ | |
| | | | | महिला | ७ | |
| | | | | आ.ज. | ६ | |
| | | | | मधेशी | ५ | |
| | | | | दलित | २ | |
| | | | | अपाङ्ग | २ | |
| | | | | पि.क्षे. | १ | |
| गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २३/२०७८/७९ | सहायक | ४ | खुला | ६ | |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | २ | |
| | | | | मधेशी | १ | |
| लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २४/२०७८/७९ | सहायक | ४ | खुला | १२ | |
| | | | | महिला | ३ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | २ | |
| | | | | दलित | १ | |
| कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २५/२०७८/७९ | सहायक | ४ | खुला | १ | |
| | | | | महिला | १ | |
| सुदुरपश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २६/२०७८/७९ | सहायक | ४ | खुला | १ | |
| | | | | महिला | १ | |

**सहायक (IT) पदको लागि प्रदेशगत विज्ञापन:**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| बागमती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २७/२०७८/७९ | सहायक (IT) | ४ | खुला | १ | मान्यताप्राप्त संस्थाबाट प्रमाणपत्र/+२ उत्तीर्ण गरी कम्प्युटर सम्बन्धी न्यूनतम ६ महिना तालिम गरी कम्प्युटर सञ्चालनमा १ बर्षको अनुभव हासिल गरेको । (Grade Point का आधारमा जारी हुने प्रमाणपत्रका सन्दर्भमा सबै विषयमा कम्तीमा D+ Grade र समग्रमा १.६ Grade Point आवश्यक) |
| | | | | दलित | १ | |

**कनिष्ठ सहायक (Gold Tester) पदको लागि प्रदेशगत विज्ञापन:**

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| प्रदेश नं. १ अन्तर्गतका शाखा कार्यालयहरु | २८/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ९ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उत्तीर्ण गरेको । (Grade Point का आधारमा जारी हुने प्रमाणपत्रका सन्दर्भमा सबै विषयमा कम्तीमा D+ Grade र समग्रमा १.६ Grade Point आवश्यक) |
| | | | | महिला | ३ | |
| | | | | आ.ज. | २ | |
| | | | | मधेशी | १ | |
| | | | | दलित | १ | |

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

| सेवा गर्नुपर्ने कार्यालय | विज्ञापन नं. | पद | तह | समूह | संख्या | न्युनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| मधेश प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | २९/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ८ | मान्यताप्राप्त संस्थाबाट व्यवस्थापनमा प्रमाणपत्र/+२ उत्तीर्ण गरेको । (Grade Point का आधारमा जारी हुने प्रमाणपत्रका सन्दर्भमा सबै विषयमा कम्तीमा D+ Grade र समग्रमा १.६ Grade Point आवश्यक) |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | ३ | |
| | | | | मधेशी | १ | |
| | | | | दलित | १ | |
| बाग्मती प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | ३०/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | १४ | |
| | | | | महिला | ४ | |
| | | | | आ.ज. | ४ | |
| | | | | मधेशी | ३ | |
| | | | | दलित | १ | |
| | | | | अपाङ्ग | १ | |
| गण्डकी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | ३१/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ७ | |
| | | | | महिला | २ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | १ | |
| | | | | पि.क्षे. | १ | |
| लुम्बिनी प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | ३२/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ६ | |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |
| | | | | मधेशी | २ | |
| | | | | पि.क्षे. | १ | |
| कर्णाली प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | ३३/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ३ | |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |
| सूदूरपश्चिम प्रदेश अन्तर्गतका शाखा कार्यालयहरु | ३४/२०७८/७९ | कनिष्ठ सहायक (Gold Tester) | ३ | खुला | ३ | |
| | | | | महिला | १ | |
| | | | | आ.ज. | १ | |

(१) समावेशी समुहको लागि छुट्याइएको पदमा देहाय बमोजिम हुने गरी Online दरखास्त दिनुपर्नेछ ।

क) आदिवासी /जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सुचीकृत भएको जातिको हकमा सो सूचीको आधारमा, तर नेपाल आदिवासी/ जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचीकृत भएको जातिभित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सूचिकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

ख) मधेशीका हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेशी भनी प्रमाणित गरेको आधारमा,

तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्म सम्बन्धित स्थानिय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट मधेशी भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ग) दलितको हकमा राष्ट्रिय दलित आयोगबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा,

तर राष्ट्रिय दलित आयोगबाट सुचीकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमूखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीबाट सुचीकृत भएको जाति भित्रको थर भनी प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(घ) अपाङ्गको हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषदबाट अपाङ्गता प्रमाणित गरेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(ङ) पिछडिएको क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ्ग, बाजुरा, मुगु, र हुम्ला जिल्लामा स्थायी बसोबास उल्लेख गरी सम्बन्धित जिल्लाबाट प्राप्त गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँपालिका वा

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी बसोबास भएको भनी प्रमाणित गरेको तिन महिना ननाघेको प्रमाणपत्र अनिवार्य रुपमा Scan गरी Attach गर्नुपर्नेछ ।

(२) सेवाको किसिम: स्थायी ।

(३) तलब तथा अन्य सुविधा: बैंकको प्रचलित नियम अनुसार ।

(४) उम्मेदवारको उमेर: Online दरखास्त दिने अन्तिम मिति (अर्थात २०७८/१२/१० गते) सम्ममा तह ६ सहायक प्रवन्धक पदका लागि २१ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । तह ४ सहायक र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदका लागि १८ बर्ष पुरा भई ३५ बर्ष ननाघेको । महिला तथा अपाङ्ग उम्मेदवारको हकमा उमेरको माथिल्लो हद ४० बर्ष ननाघेको । बैंकको वहालवाला स्थायी कर्मचारीलाई उल्लेखित उमेरको हद लाग्ने छैन ।

(५) उम्मेदवारको छनौट विधि: लिखित परीक्षा तथा अन्तर्वार्ता । तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको हकमा प्रयोगात्मक परीक्षा समेत सञ्चालन हुनेछ ।

(६) अन्य सेवा शर्त: नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावली, २०६८ बमोजिम ।

(७) परीक्षणकाल अवधि: १ वर्ष (महिला कर्मचारीलाई ६ महिना) ।

(८) परीक्षा शुल्क : तह ६ सहायक प्रवन्धकको खुला समूहका लागि रू. १,०००/- (एक हजार) र उक्त पदको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. ४००/- (चार सय) ।

तह ४ सहायक, सहायक (IT) र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको खुला समूहका लागि रू. ८००/- (आठ सय) र उक्त पदहरुको प्रत्येक थप समावेशी समूहमा सहभागी हुन थप रू. २००/- (दुई सय) ।

(रीत नपुगेको कारण अस्वीकृत हुने आवेदनहरुको परीक्षा शुल्क फिर्ता हुनेछैन ।)

(९) परीक्षा शुल्क बुझाउने प्रक्रिया: Online आवेदन Submit गरे पश्चात प्राप्त हुने निर्देशन बमोजिम ConnectIPS वा eSewa वा FonePay वा IMEPAY वा Khalti मार्फत दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ । यसरी दरखास्त शुल्क भुक्तानी गर्दा लाग्ने दस्तुर आवेदक स्वयंलेनै बेहोर्नुपर्नेछ ।

तोकिएको कुनैपनि भुक्तानी माध्यमबाट दरखास्त शुल्क भुक्तानी गरिसकेपछि Online Recruitment Portal मा **"Payment Successful"** भए नभएको सम्बन्धमा आवेदक स्वयंले यकिन गर्नुपर्नेछ। दरखास्त दिने अन्तिम दिनसम्म **"Payment Successful"** नभएको आवेदन स्वीकृत गरिने छैन ।

(१०) उपरोक्त पदहरुको **लिखित परीक्षा लोक सेवा आयोगबाट** सञ्चालन हुनेछ । लिखित परीक्षा र परीक्षा केन्द्र सम्बन्धि सूचना पछि प्रकाशित गरिनेछ ।

(११) छनौट भई नियुक्ति गरिएका कर्मचारीहरुले बैंकले खटाएको जुनसुकै कार्यालय/शाखामा गई काम गर्नुपर्नेछ ।

(१२) तह ४ सहायक, र तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको लिखित परीक्षामा सफल हुने उम्मेदवारहरुलाई अन्तर्वार्ताको समयमा सम्वन्धित प्रदेश अन्तरगतका शाखाहरुको शाखागत छनौट सुची प्रदान गरिनेछ । उम्मेदवारले प्राथमिकताको आधारमा छनौट गरेका शाखा/कार्यालयहरुमा निजको अन्तिम योग्यताक्रमका आधारमा क्रमश: नियुक्ति गरिनेछ । सुरु नियुक्ति भएको शाखा/कार्यालयमा नेपाल बैंक लिमिटेड कर्मचारी सेवा विनियमावलीको विनियम ७ को खण्ड ४ वमोजिम निम्न अवधि वा पदोन्नती नहुँदा सम्म जून कम हुन्छ सो समय सम्म सेवा गर्नुपर्नेछ ।

- क र ख समूहका शाखा/कार्यालयमा - न्यूनतम ५ वर्ष
- ग समूहका शाखा/कार्यालयमा - न्यूनतम ६ वर्ष
- घ र ङ समूहका शाखा/कार्यालयमा - न्यूनतम ७ वर्ष

(१३) एक भन्दा बढी विज्ञापनमा Online दरखास्त फाराम भर्दा प्रत्येक विज्ञापनको लागि अलग अलग नै दरखास्त शुल्क भुक्तानी गर्नुपर्नेछ ।

(१४) दरखास्त फाराम भर्न नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers मा Apply Online बटनमा Click गरी त्यहाँ राखिएको निर्देशन अनुसार भर्न सकिनेछ ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

(१५) लिखित परीक्षाको पाठ्यक्रम नेपाल बैंक लिमिटेडको Website: www.nepalbank.com.np को Careers Tab मा राखिएको छ ।

(१६) आवेदन स्वीकृत/अस्वीकृत तथा विज्ञापन रद्द गर्ने सम्पुर्ण अधिकार बैंकलाई हुनेछ । आवेदन स्वीकृत भएका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराइनेछ ।

(१७) दरखास्त सम्बन्धी कुनै जानकारी लिनु परेमा नेपाल बैंक लिमिटेड, प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभागको email:exam.hrd@ nepalbank.com.np तथा फोन नम्बर ०१४२२११८५ एक्सटेन्सन नं. २१० र ४०७ मा सम्पर्क राख्न सकिनेछ ।

(१८) प्रदेशगत विज्ञापनको हकमा कुनै एक पदको लगि उम्मेदवारले आफुले चाहेको कुनै एक प्रदेशमा मात्र दरखास्त पेश गर्नुपर्नेछ ।

(१९) तह ४ सहायक पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

(२०) तह ३ कनिष्ठ सहायक (Gold Tester) पदको लिखित परीक्षा सबै प्रदेशमा एकै मिति र समयमा सञ्चालन हुनेछ ।

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय, मानवश्रोत व्यवस्थापन विभाग

समता पन्त
अध्यक्ष
पदपुर्ति समिति